# छत्रदेव गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## छत्रगञ्ज- अर्घाखाँची

प.सं.:०८२।८३ लुम्बिनी प्रदेश, नेपाल
च. नं.-९८३८ मिति-२०८३/०२/२६

श्री सम्पुर्ण विद्यालयहरु, छत्रदेव गाउँपालिका, अर्घाखाँची।

श्री सम्पुर्ण शिक्षकहरु, छत्रदेव गाउँपालिका, अर्घाखाँची।

विषयः उत्कृष्ट विद्यालय तथा शिक्षक पुरस्कारका लागि स्वमूल्याङ्कन सहित दावी पेश गर्ने सम्वन्धमा।

प्रस्तुत विषयमा सामाजिक विकास डिभिजन कार्यालय, कपिलबस्तुको मिति २०८३/०२/२१ गतेको निर्णयको यस कार्यालयमा मिति २०८३/०२/२५ गते प्राप्त पत्रानुसार आ.व. २०८२/०८३ को स्वीकृत कार्यक्रम अन्तर्गत उत्कृष्ट शिक्षक कर्मचारी तथा शैक्षिक संस्थाहरुलाई प्रोत्साहन कार्यक्रम सञ्चालन मार्गदर्शन,२०७८, बमोजिम यस पालिकाबाट उत्कृष्ट विद्यालय र उत्कृष्ट शिक्षक छनौट गरी सिफारिस गर्नपर्ने भएकाले सोही प्रयोजनका लागि उक्त मार्गदर्शनको दफा ८ को उपदफा (१) मा तोकिएको उत्कृष्ट विद्यालय छनौटका आधारहरु र उपदफा २ मा तोकिएको उत्कृष्ट शिक्षक छनौटका आधार तथा सूचक बमोजिम तहाँ विद्यालय र कार्यरत इच्छुक शिक्षकहरुले स्वमूल्याङ्कन गरी कुल प्राप्ताङ्क फारम भरेर पुरस्कारको दाविका लागि देहाय बमोजिम कागजात तथा विवरणहरुसहित स्पष्ट खुलाई मिति २०८३/०२/२९ गते कार्यालय समयभित्रमा अनिवार्य रुपमा यस कार्यालयमा दर्ता गराईसक्नुहुन अनुरोध छ। तोकीएको म्याद नाघि आएका आवेदनहरुलाई छनौट प्रक्रयामा समाबेश नगरिने र आवेदनहरुलाई यस कार्यालयबाटसमेत परीक्षण गरी छनौट तथा सिफारिस गरिने बेहोरा समेत यसै पत्रद्धारा सुचित गरिन्छ।

संलग्न गर्नुपर्ने विवरण तथा कागजातहरुः

१. मार्गदर्शनको अनुसूची बमोजिम विद्यालय र शिक्षकको छुट्टाछुट्टै स्वमूल्याङ्कन फारम (प्राप्ताङ्क सहित)।

२. उत्कृष्ट विद्यालय दाबीका लागि शैक्षिक सत्र २०८२ को विद्यार्थी संख्या, शिक्षक दरबन्दी विवरण, पछिल्लो ३ वर्षको SEE को औषत GPA, दलित विद्यार्थी प्रतिशत र विगतमा पुरस्कार पाए /नपाएको प्रमाणित कागजात, विद्यालयले गरेका प्रवर्धनात्मक कार्यको पुस्ट्याईको कागजात, शैक्षिक सत्र २०८२ को औषत सिकाई उपलब्धिको प्रमाणित कागजात, शैक्षिक सत्र २०८२ को गणित विषयको औषत ग्रेड प्वाईन्टको प्रमाणित।

३. उत्कृष्ट शिक्षक दाबीका लागी कार्य अनुभव पत्र, शैक्षिक योग्यताको प्रमाणपत्र, अध्यापन गराएको विषयको ३ वर्षको GPA विशेष जिम्मेवारीको पत्र, अध्ययन अनुसन्धान, प्रवर्धनात्मक कार्य, ICT प्रयोगसम्बन्धी प्राविधिक पुस्ट्याइँ आदि।

४. पुरस्कार दाबीका लागि विद्यालय व्यवस्थापन समिति (वि.व्य.स.) को निर्णयको प्रतिलिपी।

वासुदेव खनाल

प्रमुख प्रशासकीय अधिकृत

E-mail: chhatradev.ruralmun@gmail.com Contact no-९८५७०६६९७१

# छत्रदेव गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## छत्रगञ्ज- अर्घाखाँची


प.सं.:०८२।८३ लुम्बिनी प्रदेश, नेपाल
च. नं.- मिति-२०८३/०२/२६

**उत्कृष्ट विद्यालय छनौटका आधार तथा मापदण्ड (शैक्षिक सत्र २०८२ को विद्यार्थी संख्यालाई आधार मान्नुपर्छ )**

| क्र. सं | विवरण | आधार | पुर्णाङ्क | प्राप्ताङ्क |
|---|---|---|---|---|
| १ | विद्यार्थी संख्या | शैक्षिक सत्र २०८२ को विद्यार्थी संख्या ५०० सम्मको २ अंक, ७०० सम्मको ५ अंक, १००० सम्मको ७ अंक, १००० भन्दा माथी १० अङक | १० | |
| २ | शिक्षक दरबन्दी | दरबन्दी र राहत शिक्षक अनुसार विद्यार्थी अनुपात ३० भदा कम भए ४ अंक, ४० चन्दा कम भए ५ अंक, ५० भन्दा कम भए ६ अंङ्क, ५० देखी ६० सम्म ८ अंक र सो भन्दा माथी भए १० अङक | १० | |
| ३ | एस.ई.ई. जि.पी.ए. | ३ बर्षको औषत १.५ सम्म भए १०, २ सम्म भए १५ र २ भन्दा माथीभए २० अङ्क | २० | |
| ४ | मानव विकास सूचकाङ्क | जिल्लागत औषत वा सोभन्दा माथि भए ५ अंक, जिल्लागत औषत भन्दा बढी हुनेले १० अङ्क | १० | |
| ५ | प्रवर्धनात्मक कार्यहरु शिक्षण सिकाई सँग सम्बन्धित | विद्यालयले गरेका प्रवर्धनात्मक काम संख्या बढिमा ५ वटा ५ अंक (प्रति प्रवर्धनात्मक १ अङ्क) | ५ | |
| ६ | क्षेत्र | नगरपालिका भएमा ५ र गाउँपालिका भएमा १० अङ्क | १० | |
| ७ | दलित विद्यार्थी | २० प्रतिसत सम्म भए ५ अङक, ३० प्रतिसत सम्म भए ७ अङ्क र ३० प्रतिसत भन्दा माथी भए १० अङ्क | १० | |
| ८ | पुरस्कार | संघिय शिक्षा विईन तथा प्रविधि मन्त्रालय तथा प्रदेश सामाजिक विकास मन्त्रालयबाट यसपुर्व उत्कृष्ट विद्यालयको रुपमा पुरस्कार पाणकोमा ५ अङक र | १० | |

E-mail: chhatradev.ruralmun@gmail.com Contact no-९८५७०६६९७१

प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| | | नपाएकोमा १० अङ्क | | |
| ९ | सिकाई उपलब्धि | शैक्षिक सत्र २०८१/०८२ को सिकाई उपलब्धि औषत २ सम्मकोलाई ५ अंक, ३ सम्मको ७ अंक र ३ भन्दा माथिलाई १० अंक | १० | |
| १० | गणित विषको औषत ग्रेड प्वाइन्ट | शैक्षिक सत्र २०८२/०८२ को गणितको ग्रेड औषत १.५ भएमा ३ अंक र सो भन्दा माथी भए ५ अंक | ५ | |
| | | जम्मा | १०० | |

प्र.अ.को नाम थरः
हस्ताक्षर
मिति
विद्यालयको नाम र छाप

वि.व्य.स., अध्यक्षको नाम थर
हस्ताक्षर
मिति

प्रमुख प्रशासकीय अधिकृत

# छत्रदेव गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## छत्रगञ्ज- अर्घाखाँची

प.सं.:०८२।८३
च. नं.-

लुम्बिनी प्रदेश, नेपाल
मिति-२०८३/०२/२६

**उत्कृष्ट शिक्षक छनौटका आधार तथा मापदण्डहरु:**

| क्र.स. | आधार | आधार | पुर्णाङ्क | प्राप्ताङ्क |
|---|---|---|---|---|
| १ | कार्य अनुभव | ५ बर्ष सम्मको ५ अंड्क, ७ बर्ष सम्मको ७ अड्क र सो भन्दा माथी १० अड्क | १० | |
| २ | शैक्षिक उपलब्धी | आफुले अध्यापन गर्ने विषयको पछिल्लो ३ वर्षको औषत जीपीए १.५ सम्म भए १०, २ सम्म भए १५ र २ भन्दा माथी भए २० अंक | २० | |
| ३ | शैक्षिक योग्यता | न्युनतम शैक्षिक योग्यता भए ५ अंक र माथिल्लो शैक्षिक योग्यता भए १० अंक | १० | |
| ४ | विशेष जिम्मेवारी | विशेष जिम्मेवारी नलिएको भए ५ अंक र नलिएको भए १० अंक | १० | |
| ५ | प्रवर्धनात्मक कार्यहरु | शिक्षकले गरेका प्रवर्धनात्म काम संख्या बढीमा ५ वटा १० अंक (प्रति प्रवद्धनात्मक २ अड्क) | १० | |
| ६ | अध्ययन अनुसन्धान | आफुले अध्यापन गर्ने विषयमा पछिल्लो ३ वर्षमा गरेका अनुसन्धान ३ सम्म भए ५ अड्क र सो भन्दा बढी भए १० अड्क | १० | |
| ७ | सुचना तथा सञ्चार प्रविधिको प्रयोग | सुचना तथा सञ्चार प्रविधिको प्रयोग गर्न नसक्ने भए सुन्य अड्क, आफुले मात्र जानेको तर कक्षाकोठाममा प्रयोग नगरेको भए १० अंक र कक्षाकोठामा प्रयोग गरेको भए २० अंक | २० | |
| ८ | कक्षाकोठा व्यवस्थापन | नियमित गृहकार्य परीक्षण, माषिक जाँच र एकाई जाँच जस्ता सूचक प्राप्त भएमा १० अड्क,कुनै दुई मात्र सुचक प्राप्त भएमा ५ अड्क र कुनैपनि नभएमा सुन्य अड्क | १० | |
| जम्मा | | | १०० | |

शिक्षकको नाम थर
तह
श्रेणी
हस्ताक्षर

प्र.अ.को नाम/थर
हस्ताक्षर
मिति
विद्यालयको नाम र छाप

E-mail: chhatradev.ruralmun@gmail.com Contact no-९८५७०६६९७१

प्रमुख प्रशासकीय अधिकृत